# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## दुहु गाउँपालिका
## दार्चुला




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७ मिति: २०७७/०३/२८

च.नं. ५१८

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
दुहुँ गाउँपालिका,
दार्चुला ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ आषाढ २४ गते ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७
च. नं. ५१९

मिति: २०७७।३।२८

श्री अध्यक्षज्यू,
दुहुँ गाउँपालिका,
दार्चुला ।

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले दुहुँ गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. ९७ लाख ७२ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३ लाख ७२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३२ लाख ७४ हजार, नियमित गर्नुपर्ने रु. १ लाख ३० हजार र पेश्की बाँकी रु. ५९ लाख ९६ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७६।५।२७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना ८ (आठ) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले गाउँपालिकाको पेश्की वाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानूनवमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनवमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, गाउँ प्रमुख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामापनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

## दुहुँ गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गन दुहुँ गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो। यो गाउँपालीकाअर्न्तगत ५ वडा रहेको २९ सभा सदस्य ६५.३५ व.की.मी.क्षेत्रफल १०,८१८ जनसंख्या सुदुर पश्चिम प्रदेशमा अवस्थित छ ।

**१. स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ३,४७,८५,७९८।२० | १ | **चालु खर्च** | | १२,४९,१५,०८९।९६ |
| | क) नगद | ०।०० | | २ | **पूँजीगत खर्च** | | १३,२८,२४,८५२।५१ |
| | ख) बैंक | ३,४७,८५,७९८।२० | | ३ | **शशर्त फिर्ता** | | ९२,३५,९०३।७७ |
| २ | **राजस्व (आन्तरिक आय)** | | ६,८६,६४,९६१।३१ | | **वित्तीय व्यवस्था भुक्तानी** | | ०।०० |
| | क) आन्तरिक राजस्व | ५५,३८,९५६।९५ | | | क) ऋण भुक्तानी | | ०।०० |
| | ख) राजस्व बाँडफाँड संघ | २,७८,३०,२०४।४२ | | | ख) ब्याज भुक्तानी | | ०।०० |
| | ग) राजस्व बाँडफाँड प्रदेश | ११,१७,७२४।९४ | | | ग) अन्य भुक्तानी | | |
| | घ) अन्य आय ६ वटा ब.उ.शि. | ३,४१,७८,०७५।०० | | | | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | १७,८५,९७,०००।०० | ४ | **लगानी** | | |
| | क)वित्तीय समानीकरण अनुदान | ८,००,००,०००।०० | | | ऋण लगानी | ०।०० | |
| | ख) सशर्त अनुदान | ९,८५,९७,०००।०० | | | शेयर लगानी | ०।०० | |
| | ग) समपूरक अनुदान | ०।०० | | | अन्य लगानी | ०।०० | |
| | घ) विशेष अनुदान | ०।०० | | ५ | **धरौटी फिर्ता** | ०।०० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १,८४,५६,०००।०० | ६ | **कोष खर्च** | ०।०० | |
| | क)वित्तीय समानीकरण अनुदान | ६७,२८,०००।०० | | ७ | **मौज्दात** | | ३,७०,६७,८७०।२७ |
| | ख) सशर्त अनुदान | ०।०० | | | क) नगद मौज्दात | ०।०० | |
| | ग) समपूरक अनुदान | ३७,८८,०००।०० | | | ख) बैंक मौज्दात | ०।०० | |
| | घ) विशेष अनुदान | ७५,००,०००।०० | | | | | |
| | अन्य आय स्वास्थ्य प्रदेश | ०।०० | | | | | |
| | अन्य आय शिक्षा प्रदेश | ४,४०,०००।०० | | | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ०।०० | ०।०० | | | | |
| | क) ऋण प्राप्ति | ०।०० | | | | | |
| | ख) साँवा प्राप्ति | ०।०० | | | | | |
| | ग) ब्याज प्राप्ति | ०।०० | | | | | |
| | घ) अन्य प्राप्ति | ०।०० | | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | ०।०० | | | | |
| ८ | **जनसहभागिता (नगद)** | ०।०० | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ०।०० | | | | | |
| १० | **धरौटी आय** | ३,५३९,९५७।०० | ३५,३९,९५७।०० | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | ०।०० | | | | | |
| १२ | **अन्य विविध आय** | | | | | | |
| | **जम्मा** | | **३०,४०,४३,७१६। ५१** | | **जम्मा** | | **३०,४०,४३,७१६। ५१** |

| दफा नं. | भौचर, मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १ | **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमेजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादित गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितत र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वासनीय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् ।<br>➢ नेपाल सार्वजनिक क्षेत्र लेखामानको प्रतिवेदन फारमहरु २०७५।०८।१० मा स्वीकृत भएकोमा सो बमोजिम फारमहरु प्रयोगमा नल्याएको । संचितकोषको प्राप्ति तथा भुक्तानीको एकीकृत आर्थिक विवरण म.ले.प.फा.नं. २७० तयार गर्नुपर्नेमा तयार नगरेको ।<br>➢ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) बमोजिम योजना तर्जुमा गर्दा योजनाको संभाव्यता अध्ययनको आधारमा श्रोतसाधनको पूर्वानुमान, योजनाको प्राथमिकीकरण कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नुपर्नेमा सो बमोजिम कार्यान्वयन तालिका र अनुगमन योजना तयार नगरेको । | |
| २ | **वर्षिक खरिद योजना/गुरुयोजना :-** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले वित्तीय समानीकरण अन्तगर्त यो वर्ष रु.१३ करोड २८ लाख २५ हजारको पूँजीगत खर्च/खरिद कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद ऐन नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ । अतः उक्त नियमावली बमोजिम खरिद/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नु पर्दछ। | |
| ३ | **बजेट पारित** :- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले अगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई अषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी अषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले आर्थिक वर्ष २०७५।७६ को योजना तथा कार्यक्रम र आयव्ययको विवरण २०७५ अषाढ १० मा सभामा पेश गरि २०७५ अषाढ २९ गते पारित गरेको पाइयो । ऐनले तोकेको अवधि भित्र आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रस्तुत गरिनु पर्दछ । | |
| ४ | **गुणस्तर परिक्षण** :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसमान सम्झौतामाा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट ठेक्का मार्फत र उपभोक्ता समितिमार्फत गराएको निर्माण काममा प्रयोग हुने निर्माण सामग्री ढुङ्गा, गिटी, फलाम, तारजालीको ल्याव परीक्षण गराएको छैन् । यसले सम्पन्न निर्माण कार्यको गुणस्तर कमजोर देखिन्छ । निर्माण सामग्रीको गुणस्तर परीक्षण गरी प्रयोगमा ल्याउन कार्यालयको ध्यान जानुपर्छ । | |

<table>
<tr><td>५</td><td>कर्मचारी व्यवस्था :- निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको कर्मचारी दरबन्दी २९ रहेकोमा पदपूर्ति १७ मात्र देखियो बाँकि १२ जना पदपूर्ति गर्न लोक सेवा आयोगबाट माग भएको छ । जनशक्तिको अभावमा गाउँपालिकाको कार्यसम्पादन र सेवा प्रवाहमा समेत असर परेकोले दरबन्दी अनुसार पदपूर्ति गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td>पदाधिकारीको पारीश्रमिक :-सुदुर पश्चिम प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ वाट सुविधाको रुपमा पारिश्रमिक पाउने व्यवस्था गरे वमोजिम यो वर्ष दुहु गाउँपालिकाले अध्यक्ष, उपाध्यक्ष र सदस्यको पारिश्रमिक भत्ता रु ३२,७६,०००।०० खर्च लेखेको देखियो ।</td><td></td></tr>
<tr><td>७.</td><td>स्थानीय तहका पदाधिकारी सुविधाः नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाको सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुर पश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार दुहुँ गाउँपालिकाले देहाय बमोजिम रु. ४९१५६००। सुविधावापत भुक्तानी गरेको छ ।
<table>
<tr><th>सि नं</th><th>विवरण</th><th>प्रमुख/ अध्यक्ष</th><th>उपप्रमुख</th><th>वडाअध्यक्ष ५ जना</th><th>कार्यापालिका सदस्य ६ जना</th><th>सभाका सदस्य १४जना</th><th>जम्मा १२ महिनाको</th></tr>
<tr><td>१.</td><td>मासिक सुविधा</td><td>३००००</td><td>२५०००</td><td>२०,०००</td><td>८,०००</td><td>५,०००</td><td>३२७६०००</td></tr>
<tr><td>३.</td><td>बैठक भत्ता (बैठक संख्याको आधारमा)</td><td></td><td></td><td></td><td></td><td></td><td>११८६०००</td></tr>
<tr><td>६.</td><td>अनुगमन भत्ता ( मासिक)</td><td></td><td></td><td></td><td></td><td></td><td>४५३६००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>४९१५६००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८</td><td>पेश्कीजमानतः–सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) मा निर्माण व्यवसायीलाई पेश्की दिँदा त्यस्तो पेश्की रकम खाम्ने गरी बैङ्क जमानत लिई पेश्की दिनुपर्ने उल्लेख छ । उपनियम(४)मा बैङ्क जमानतको मान्य अवधि पेश्की फछ्र्यौट गर्नुपर्ने अवधिभन्दा कम्तिमा एक महिनाभन्दा बढी अवधिको हुनुपर्ने समेत व्यवस्था छ । पेश्कीको बैङ्क जमानत सम्बन्धमा निम्न व्यहोरा देहिएको छ ।<br><br>(क) प्रदेश सम्पुरक अनुदानतर्फ शिद्दटोपि कृषि सडक प्याकेज दुई को लागि निर्माण व्यवसायी एम.वि. कन्सट्रक्शनसँग २०७६ अषाढ २६ मा संझौता गरी रु १७ लाख पेश्की दिएकोमा सो को वैङ्क जमानत नेपाल बंगलादेश बैङ्कको ग्यारेन्टी नं. ०१४:AP :१७६४/२०१९ रु. १३ लाखको लिएको छ । पेश्की दिएको रकम खाम्नेगरी बैङ्क जमानत लिनुपर्नेमा रु. ४ लाख घटिको बैङ्क जमानत लिएकोले थप बैङ्क जमानत लिएको प्रमाण पेश हुनुपर्ने रु<br><br>(ख)थलासिलडचौरा पुल निर्माण गर्न जगदम्बा/दोभान/संगम ज्वाइन्ट भेन्चरलाई गो.भौ.नं. ४० बाट रु. ३५ लाख र भौ. नं. ४९ बाट थप पेश्की रु. ५ लाख समेत ४० लाख पेश्की दिएकोमा रु. ३० लाख पेश्की फछ्र्यौट भई रु. १० लाख पेश्की बाँकी रहेको छ । उक्त पेश्कीको बैङ्क जमानत रु. ३५ लाख मात्र रहेकोमा सो बैङ्क जमानतको म्याद समेत समाप्त भएकोले बाँकी रु.१० लाख पेश्की जोखिममा रहेकोले बाँकीको बैङ्क जमानत प्रमाण पेश हुनुपर्ने रु</td><td>४,००,०००।००<br><br>१०,००,०००।००</td></tr>
</table>

| | | |
|---|---|---|
| ९. | **असूल गर्नुपर्ने :-** असूल गर्नु पर्ने व्यहोरा निम्न अनुसार छ।<br><br>**(क)** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा खरिद संभौता भएपछि सार्वजनिक निकायले उपभोक्ता समितिलाई दिएको पेश्की अन्तिम किस्ता भुक्तानी गर्नुअघि फछ्र्यौट गरिसक्नुपर्ने उल्लेख छ । तल्लीफाँटदेखि गाउँघर क्लिनिकसम्म उपभोक्ता समितिलाई योजना पेश्की रु. १,२६,०००।०० दिएकोमा भौ.नं. २०३ बाट रु. १ लाख पेश्की फछ्र्यौट गरेको छ । बाँकी पेश्की रु. २६,०००।०० आर्थिक वर्षको अन्तमा पेश्की बाँकी विवरणमा समेत नदेखाएकोले उक्त रकम असूल हुनुपर्छ रु. | २६,०००।०० |
| | **(ख)** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख)मा खरिद संभौता अनुसार सार्वजनिक निकायले रनिङ विल भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जनविकास मा.वि. बारबाज छात्राबास निर्माण उपभोक्ता समितिलाई आर.सि.सि. गर्न पि.सि.सि. १:१.५:३ कामको वास्तविक परिमाणभन्दा बढी परिमाणको भुक्तानी गरेको पाइयो । नापी अनुसार उक्त आइटमको परिमाणको गणना लम्वाई, चौडाई र उचाईको गुणनबाट हुने जम्मा ४९.९० घ.मि.को भुक्तानी हुनुपर्नेमा ६३.५२ घ.मि.को भुक्तानी भएकोले बढी घ.मि. १३.६२ को संभौता दर प्रति घ.मि. रु २२,४७४।०७ ले हुने रु.३,०६,०९६।८३ असूल हुनुपर्छ रु. | ३,०६,०९६।८३ |
| | (**ग**) ब्रह्मदेव बर्थिङ सेन्टर भवन निर्माण उपभोक्ता समितिलाई आर.सि.सि.को लागि पि.पि.सी. १:२:४: आइटमको नापी अनुसार १५.७९ घ.मि. परिमाणको भुक्तानी गर्नुपर्नेमा मूल्याङ्कन अनुसार १६.६५ घ.मि. परिणामको भुक्तानी गरेको पाइयो । नापीमा भन्दा ०.८ बढी घ.मि.को भुक्तानी भएकोले सम्भौताअनुसार प्रति घ.मि.दर रु.१८,७३८।९१ ले हुने रु. १६,११५।४६ असूल गर्नुपर्छ रु. | १६,११५।०० |
| | **(घ)दोहोरो भुक्तानी** : आयुर्वेद सेवाको वैङ्क नगदी कितावको गो.भौ.नं. १२ मिति २०७६।०३।३१ मा धनवन्तरी दिवश खर्च वापत रु.१२,०००।०० को भुक्तानी भई फेरी आयुर्वेद शाखा तलव शिर्षकतर्फबाट गो.भौ.नं.८ वाट पनि सोही धनवन्तरी दिवश खर्च भुक्तानी भएकोमा दोहोरो भुक्तानी भएको असुल गर्नु पर्ने रु | १२,०००।०० |
| १०. | **सम्भौतामा नभएको कार्य** :-उपभोक्ता समितिसंगको संभौतामा संभौता बमोजिमको कुनै काम थपघट गर्नुपर्दा कार्यालयको पूर्वस्वीकृति लिएर मात्र गर्नुपर्ने उल्लेख छ । हिकिला सिद्धटोपी कृषि सडक निर्माण उपभोक्ता समितिलाई संभौतामा नभएको आइटम पि.सि.सि. १:३:६ को काम ८.३८ घ.मि. दर रु. १५,५०६।०५ ले रु. १,२९,९४०।७० भुक्तानी गरेको पाइयो । संभौतामा नभएको आइटमको काम गर्न पूर्वस्वीकृति नलिई भुक्तानी भएकोले नियमसम्मत नदेखिएको रु. | १,२९,९४०।०० |
| ११. | **म्याद थप बेगर पेश्की** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा उपभोक्ता समितिलाई संभौता रकमको बढीमा एकतिहाईसम्म अग्रिमरुपमा पेश्की दिन सक्ने उल्लेख छ । स्थानीय पूर्वाधार सभेदारी कार्यक्रम अन्तर्गत जनविकास मा.वि. बारवाज छात्रावास निर्माण उपभोक्ता समितिलाई संभौता रु. ४७,५०,०००।०० को ६४ प्रतिशत रु.३२७१४५१।०० पेश्की दिएको पाइयो । काम सम्पन्न गर्न म्याद थप नगरी अषाढ ३१ गते थप पेश्की दिएको छ । काम सम्पन्न गर्न २०७६ असाढसम्म म्याद तोकिएकोमा म्याद थप गरेको पाइएन । हालसम्म उक्त छात्रावास निर्माणको काम सम्पन्न भएको छैन । साथै समितिको नाउँमा आ.व. अन्तसम्म पेश्की बाँकी रहेकोले अविलम्व कार्यसम्पन्न गरी पेश्की फछ्र्यौट गर्नुपर्छ रु | १७,०४,४५१।०० |

| | | |
|---|---|---|
| १२. | **३०२/२०७६।०३।२५** : विविध कार्यक्रम खर्च शीर्षकबाट नेपाल विद्यार्थी संघ जिल्ला कार्य समितिलाई आर्थिक सहायता भनी रु. १०,०००।०० नगद सहयोग गरेको देखियो । आर्थिक साहायता अन्तर्गत राखी खर्च लेख्नुपर्नेमा विविध कार्यक्रम अन्तर्गत खर्च लेखेको नियमसंगत देखिएन् । | |
| १३. | **गाडी भाडाः-** सरकारी रकमको खर्च लेख्दा विधि, प्रक्रिया, प्रमाण, कागजात, तथा सम्बन्धित पक्षसंग भएको संझौताको आधारमा खर्च लख्नुपर्नेमा अन्य भाडा शिर्षकमा व्यवस्था भएको सवारीसाधनको भाडा वापत पटक पटक विभिन्न सवारीधनिलाई भुक्तानी गर्दा भाडा लिनुपूर्व संझौता गर्नुपर्ने, कति दिनको, कतिदुरीको, कस्तो सवारी साधनको भाडादर कति कायम गर्ने भन्ने मापदण्ड तथा कार्यविधिको आधारमा अन्य भाडामा भुक्तानी गर्नुपर्नेमा सोझै खर्च लेखेको छ । यस्तो प्रकृयामा सुधार हुनु जरुरी छ । | |
| १४. | **करकट्टीः-** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार सम्बन्धित फर्मलाई भुक्तानी गर्दाका वापत अग्रिमकर असूल गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कालापानी सामुदायिक संचारकेन्द्र रेडियो कालापानी एफ.एम. १०२.३ MHZ लाई कार्यालयको सूचना प्रसारण गरेवापत रु. ८१,५०० भुक्तानी गरेकोमा अग्रिम कर असूल उपर नगरेको रु. | १२,२२५।०० |
| १५. | **घरभाडाः-** कार्यालयले यस वर्ष घरभाडा शिर्षकमा ५ लाख भुक्तानी खर्च लेखेको छ । हिकिला स्थित आफ्नो गाउँपालिकाबाट सेवा संचालन गर्न ४ घरधनीसँग संझौता गरी भाडामा लिई कार्यालय संचालन गरेको छ । यसै गरी वडा कार्यालय व्यवस्थापन सहित ५ वटा घरहरु भाडामा लिई संचालन भएको पाइयो । यसरी कार्यालयको आफ्नै भवन नभएको पटक पटक भाडामा खर्च हुँदा अनुत्पादक खर्चको मात्रा बढ्दै जाने देखिएकोले आफ्नै भवन निर्माण गर्ने तर्फ आवश्यक प्रकृया अपनाउनु जरुरी छ । | |
| १६. | **शिक्षकतलवः**जनविकास मा.वि. वारवाजमा कार्यरत मा.वि. शिक्षक नरेशदत्त जोशीको मिति २०७५।०५।११ म सरुवा भएकोमा निजको रमानापत्रमा भाद्र महिना सम्मको मात्रै तलव बुझेको उल्लेख गरेपनि विद्यालयगत निकासा मागफारम अनुसार उक्त विद्यालयमा उक्त कर्मचारीको रु.९६,६३७।४० रहेकोमा बैंक निकासा गर्दा रु. १,७६,४७३।१० निकासा भई बढी निकासा भएको देखिएको रु. | ७९,८५३।७० |
| १७. | **सामाजिक सुरक्षा भत्ता** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ अनुसार भत्ता वितरण गर्दा सम्बन्धित व्यक्तिलाई मात्र वितरण गर्नु पर्ने वा निजको व्यक्तिगत नाममा बैङ्कमा खोलिएको सामाजिक सुरक्षा विशेष वचत खातामा जम्मा गरिनुपर्ने उल्लेख छ । यस कार्यक्रम अन्तर्गत ५ वटा वडा कार्यालय मध्ये निकाशा भएको पहिलो र दोस्रो वडा कार्यालयहरुलाई छनौट गरी लेखा परीक्षण गरिएकोमा देखिएका व्यहोरा निम्नानुसार छ ।<br>**(क)**सामाजिक सुरक्षा भत्ता वितरण गर्दा दार्चुला जिल्ला पूर्ण साक्षर घोषित भइसकेको सन्दर्भमा अधिकांश वडाहरुमा भत्ता बुझ्ने सेवा ग्रहीहरुले औठा छाप लगाई बुझेको पाइयो । सो नगरी बैङ्क खाता मार्फत भुक्तानी गराउदा उपयुक्त हुने देखिन्छ ।<br>**(ख)**सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अधावधिक हुनुपर्नेमा नहुँदा पाउनु पर्ने व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्च अनियमितता हुन सक्ने सम्भावना रहन्छ । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूची भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्नु पर्ने तर्फ कार्यालय र सम्वन्धित निकाय अग्रसरता देखाउनु पर्दछ ।<br>**(ग)**कार्यालयले आर्थिक बर्षको शरुमा लाभ ग्राहीको लगत किताव अधावधिक गरिएको पाइएन । सामाजिक सुरक्षा भत्ता खर्च गरी पेश्की फछ्र्यौट गरेको मध्ये निम्न व्यक्तिको दोहोरो भुक्तानी र मृत्यू पश्चात भुक्तानी भएको देखिन्छ सो रकम असूल गर्नु पर्दछ । बाँकी वडा कार्यालयहरुको पनि कार्यालयले छानबिन गरी सामाजिक सुरक्षा भत्ता खर्च एकिन गर्नु पर्दछ रु | १३,६००।०० |

| गो.भौ.नं. | मिति | वडा नं. | सेवा ग्राहीको नाम | सासु भत्ता | कैफियत |
|---|---|---|---|---|---|
| १६ | २०७६।०३।१० | २ | परुली देवी साहु( महिला) | ४०००।०० | मृत्यू पश्चात भुक्तानी |
| १६ | २०७६।०३।१० | २ | पुजा टमाटा(महिला) | ४०००।०० | मृत्यू पश्चात भुक्तानी |
| ९ | २०७६।०१।०३ | १ | जोगिनी देवी महरा( विधवा) | ४०००।०० | दोहोरो भुक्तानी |
| ५ | २०७५।०८।१२ | १ | आशिक भुल(दलित बालबालिका) | १६००।०० | भर्पाइ बेगर भुक्तानी |
| **जम्मा** | | | | **१३,६००।००** | |

१८. **राजस्व अभिलेखः-** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ मा राजस्व अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ । जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन र त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खाडा गर्नु समेत उल्लेख छ । गाउँपालिकाले राजस्व आम्दानीको असूली र दाखिलाको अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । बैंक मार्फत राजस्व कारोवार गर्नुपर्नेमा गरेको छैन् । नगदी रसिद मार्फत नगद राजस्व असूल गरेको छ । नगदी रसिदको ठेली आम्दानी , खर्च र बाँकी ठेली देखिने गरी रसिद नियन्त्रण खाता राख्नुपर्नेमा राखेको छैन। पालिका अन्तर्गत पाँचवटा वडा रहेकोमा वडाले प्रयोग गरेको नगदी रसिद भिडान गर्दा केहि रसिद ठेली पालिकाबाट बुझेको र केही रसिद ठेली सोझै बजारबाट खरिद गरी सो को अभिलेख नराखी प्रयोग गरेको छ । उदाहरणको रुपमा वडा नं. १ ले र.नं. ५० देखि १०० सम्मको १ ठेली पालिकाबाट नबुझी सोझै खरिदगरी प्रयोग गरेको देखिन्छ । रसिद ठेलीको नम्बर सिलसिलेबार छैन जस्तो वडा नं. १ ले र.नं. १५१ देखि २०० सम्म, ५१ देखि १०० सम्म, २५१ देखि ३०० सम्म, ८५१ देखि ९०० सम्म, ७०१ देखि ८०० सम्म, ६०१ देखि७०० सम्म रसिद नम्बर सिलसिलेवार छैन । यही अवस्था अन्य सबै वडामा रहेकोले छानबीन गरी वास्तबिक राजस्व असूली र दाखिला यकीन हुनुपर्छ ।

१९ **कृषिः (क)१७/२०७६।०३।१९** :आकस्मिक बाली संरक्षण, नर्सरी स्थापना, स्याउवगैचा व्यवस्थापन कार्यक्रम संचालन गर्न धिरक सिंह बोहोराको रु.४,२५,१००। पेश्की फछ्र्यौट गरेकोमा कुन स्थानमा कुन कुन कृषकलाई के कति विरुवा वितरण गरेको भन्ने खुल्ने प्रमाण पेश भएन साथै नर्सरी स्थापना गरेको कार्यको कार्यसम्पन्न प्रतिवेदन समेत पेश हुन आएन ।

**(ख)** सुन्तलाजात विकास कार्यक्रम संचालन गर्न सुन्तला वारे खरिदमा देवराज नर्सरी फर्म डडेल्धुरालाई रु. १२६,२५०। भुक्तानी गरेकोमा सुन्तला विरुवा थान ११२५, कागती विरुवा थान १०००, मौसम विरुवा थान १००० खरिद गर्दा प्रत्येक सुन्तलाजात विरुवाको लागि प्याकेजिङ्ग चार्ज बाहेक रु. प्रति विरुवा रु. ४० मा खरिद गरेको छ । एउटै फर्मबाट सिधै विरुवा खरिद गर्दा प्रति विरुवा फर्मले निर्धारण गरेको मूल्यमा खरिद गरेकोले खरिद भएको विरुवाहरुको वास्तविक मूल्य एकिन हुन सकेन । तसर्थ प्रति विरुवा खरिद गर्दा कति मूल्यमा खरिद गर्ने हो सो को नर्मशको आधारमा खरिद गर्नुपर्दछ ।

२० **स्वास्थ्य :** आमा सुरक्षा कार्यक्रम संचालन गर्न सुत्केरी आमाहरुलाई न्याने झोला वितरण गर्न निम्न भौ.नं., मितिमा इश्वरीदत्त भट्टको पेश्की फछ्र्यौट गरीसहारा मेडिसिन डिष्ट्रव्यूटर्सलाई भुक्तानी लेखेकोमा उक्त न्यानो झोलाहरु वितरण गरेको प्रमाण पेश हुन नसकेका रु. ७६,०००।००

| भौ.नं/मिति | थान | रकम |
|---|---|---|
| ५।२०७५।०६।१९ | २१ | २१०००।०० |
| १२।२०७५।०९।१८ | ५५ | ५५,०००।०० |
| **जम्मा** | | **७६,०००।००** |

२१ **पेश्की:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) बमोजिम उपभोक्ता समितिलाई दिएको पेश्की आ.व.को अन्तसम्म फछ्र्यौट नभएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्ने रु ५९,९५,२४५।००

| पेश्की लिएको भौ.नं./मिति | पेश्की लिनेको नाम | उपभोक्ता समिति/नि.व्य. | खर्च शीर्षक | वापत | जम्मा रु. |
|---|---|---|---|---|---|
| १५/२०७५।०६।१५ | ब्रम्हा मन्दिर निर्माण दुहु-२ | उ.स. | समानिकरण संघ | निर्माण | १०,००,०००।०० |
| २६९/२०७५।०८।१८ | जगदम्वा दोभान संगम | निर्माण व्यवसायी | समानिकरण संघ | निर्माण | १०,००,०००।०० |
| ८३/२०७५।११।१५ | गाउँघर क्लिनिक खर्रा भवन मर्मत वडा नं.२ | उ.स. | समानिकरण संघ | निर्माण | ९५,०००।०० |
| १०३/२०७५।११।२९ | पाटासाही मन्दिर निर्माण | उ.स. | समानिकरण संघ | निर्माण | ६२,७००।०० |
| १४२/२०७५।१२।२७ | जोशिगाउँ बारबाज फारा सडक वा.नं.३ | उ.स. | समानिकरण संघ | निर्माण | ७,८३,०००।०० |
| १५८/२०७६।०१।१६ | सामुदायिक स्वास्थ्य एकाई केन्द्र भवन | उ.स. | समानिकरण संघ | निर्माण | ३,६०,०००।०० |
| २१९/२०७६।०२।०६ | चुचईगाडा खा.पा.यो.वा.नं.४ | उ.स. | समानिकरण संघ | निर्माण | ७७,०००।०० |
| २३७/२०७६।०२।२१ | श्रीचन सामुदायिक सिकाई केन्द्र | उ.स. | समानिकरण संघ | निर्माण | ६३,०००।०० |
| २६२/२०७६।०२।२९ | गौरिलमाण्डौ मा.वि.हिकिला वा.नं.२ | उ.स. | समानिकरण संघ | निर्माण | २,५०,०००।०० |
| २७८/२०७६।०३।३१ | म.वि.विण भवन मर्मत व.नं.१ | उ.स. | समानिकरण संघ | निर्माण | १,५६,०००।०० |
| १६७/२०७५।१२।०१ | रेडियो दार्चुला एफ.एम. | एफ.एम. | राजस्व बाँडफाँड | सार्वजनिक सुनवाई | १,००,०००।०० |
| ०१/२०७६।०३।२७ | एम.वि.कन्सल्टेन्सि प्रा.लि.म.न.पा.९ | ठेकेदार | प्रदेश समपुरक | निर्माण | १७,००,०००।०० |
| ७०/२०७६।०३।३१ | कृष्ण सिह महरा दुहु गा.पा.दार्चुला | सबइन्जिनियर | समानिकरण संघ | निर्माण | २,८५,०००।०० |
| ०२/२०७६।०३।२८ | श्री भाग डडाल | पशु अधिकृत | शसर्त | कार्यक्रम | ६३,५४५।०० |
| **जम्मा** | | | | | **५९,९५,२४५।००** |

२२. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ४६,३६,०००। | ३९,१५,०००। | ७,२१,०००। |

२३ **अद्यावधिक बेरुजु स्थिति:** यस.गाउँ पालिकाको आर्थिक वर्ष २०७५।७५६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजुरु. (D) | यो वर्षको कायम बेरुजुरु. (E) | बाँकी (F= C+D+E) |
|---|---|---|---|
| ७,२१,०००। | - | ९७,७१,५२६।५३ | १,०४,९२,५२६।५३ |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ ।

अनुसूची १

# दुहुँ गाउँपालिकाको बेरुजू वर्गीकरण

## २०७५।७६

(रु.हजारमा)

| सि(न)( | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | अशुल गनुंपनें | नियमित गनुंपनें | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १. | दार्चुला | दुहुँ गाउँपालिका | १२ | ९ | ९७७२ | - | - | - | १२ | ९ | ९७७२ | ३७२ | १३० | ३२७४ | - | - | ३४०४ | ३५० | ५६४६ | ५९९६ |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण

## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | दुहुँ गाउँपालिका | दार्चुला | ३४७८६ | ८६७२८ | १७५४५१ | ७०७९ | **२६९२५८** | १२४९१५ | १३२८२५ | ९२३६ | **२६६९७६** | **३७०३८** |

अनुसूची- ३

# अध्यावधिक बेरुजु स्थिति

## २०७५।७६

(रु.हजारमा)

| सि. नं. | स्थानीय तह | जिल्ला | गत वर्षको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं प. बाट कायम भएको बेरुजु | यो वर्षको बेरुजु | कुल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १. | दुहुँ गाउँपालिका | दार्चुला | ४६३६ | ३९१५ | ७२१ | - | ९७७२ | १०४९३ |